मिति २०८०।०६।११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

वैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०६।११ गते।

बैठक वसेको समयः विहान ११.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण वहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | (हस्ताक्षर) |
| २. | श्री धन वहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | (हस्ताक्षर) |
| ३. | श्री गोविन्द वहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | (हस्ताक्षर) |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | (हस्ताक्षर) |
| ५. | श्री लाल वहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | (हस्ताक्षर) |
| ६. | श्री खड्ग वहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | (हस्ताक्षर) |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | (हस्ताक्षर) |
| ८. | श्री वीर वहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | (हस्ताक्षर) |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | (हस्ताक्षर) |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | (हस्ताक्षर) |
| ११. | श्री मोहन वहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | (हस्ताक्षर) |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | (हस्ताक्षर) |
| १३. | श्री तिलक वहादुर वस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल वहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक वहादुर विक | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| श्री राम वेचन शाह, नि. प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | (हस्ताक्षर) |
| अन्य उपस्थितिः | | | |
| श्री विनिता लामा, सूचना प्रविधि अधिकृत | | | (हस्ताक्षर) |
| श्री प्रेमवहादुर लुङ्गेली, जिन्सी शाखा | | | |
| श्री विमलराज काफ्ले, लेखा सहायक | | | |

श्री चन्द्रिका थापा, सहयोगी - चन्द्रिका



Scanned with CamScanner

मिति २०८०।०६।११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्तावहरु: | | |
|---|---|---|
| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/विषयगत समिति |
| १. | भुमिआयोगको सूचना प्रकाशन गर्ने सम्वन्धी। | सामाजिक विकास शाखा |
| २ | डाक्टरको विज्ञापन गर्ने सम्बन्धमा । | स्वास्थ्य शाखा |
| ३. | स्वास्थ्य भवनको रकम माग गर्ने सम्बन्धमा । | स्वास्थ्य शाखा |
| ४. | वेरुजु फछ्यौटको पत्राचार गर्ने सम्वन्धमा । | आर्थिक शाखा |
| ५. | क्यान्टिन ठेक्काको अन्तिम निर्णय गर्ने सम्बन्धमा । | पूर्वाधार शाखा |
| ६. | राहत दरवन्दी अन्य विद्यालयमा पठाउने सम्बन्धमा । | शिक्षा शाखा |
| ७. | खानेपानी व्यवस्थापन सम्बन्धमा । | विपद् |
| ८. | सडक मर्मत सम्भार सम्बन्धमा । | सबै |
| ९. | विविध। | सबै |



Scanned with CamScanner

मिति २०८०।०६।११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा केन्द्रिय भुमि आयोगबाट पैतीस दिने सूचना जारी गर्नको लागि पत्राचार भए बमोजिम यस गाउँपालाकाको ११ वटै वडामा सात दिने सूचना प्रकाशन गरी आवेदन माग गर्ने निर्णय गरियो ।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र, बेलघारीमा कार्यरत स्थायी दरबन्दीमा कार्यरत डाक्टर सन्तोष रमतेलको अन्य पालिकामा सरुवा भई उक्त दरबन्दी रिक्त हुन गएकोले सो दरबन्दीमा अर्को स्थायी दरबन्दीको व्यवस्थापन नभएसम्मका लागि करारमा डाक्टर नियुक्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा नेपाल सरकारको देशै भरका पालिकामा १० र १५ बेडको अस्पताल निर्माण गर्ने राष्ट्रिय रणनीति अनुसार तीनपाटन गाउँपालिकामा १५ बेडको अस्पताल निर्माणको लागि विगत २ वर्ष अगाडी ठेक्का सम्झौता भई निर्माण कार्य सञ्चालन भई रहेकोले यस आ.व. मा भएका कामको रनिङ विलको भुक्तानीको लागि आवश्यक रकम नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ काठमाडौंमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा आ.व. २०७४/७५ देखि ७८/७९ सम्मको महालेखापरीक्षकबाट आएको डोरको प्रतिवेदन अनुसार असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने र पेश्की फछ्यौट गर्नुपर्ने विभिन्न प्रकारका बेरुजु प्रतिवेदनमा उल्लेख भएकोले सम्बन्धित व्यक्ति वा संस्थालाई सम्बन्धित वडाबाट सूचना तथा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा क्यान्टिन सञ्चालनको लागि २०८०/०४/१३ गतेको कार्यपालिकाको निर्णय अनुसार सूचना प्रकाशन गर्दा दुई जना व्यक्तिले मात्र आवेदन पेश गरेको हुँदा धेरै वा धेरै व्यक्ति वा फर्मसँग प्रतिस्पर्दा गर्न वान्छनिय देखिएकोले २०८०/०५/२२ गतेको कार्यपालिकाको निर्णयबाट पुनः सात दिनको सूचना प्रकाशन भए पश्चात दुई जना व्यक्तिले मात्र आवेदन गरेको हुँदा सो सम्बन्धमा समितिले मूल्याङ्कन गर्दा सूचनामा उल्लेखित पहिलो, दोस्रो, र तेस्रो बुँदामा उल्लेख भए बमोजिम प्रतिवेदन अध्ययन गर्दा पहिले बुँदामा उल्लेख भए बमोजिम सारभूत रुपमा सन्देश होटल, तीनपाटन-११ लाई ठेक्का मूल्याङ्कनमा मनासिव देखिएकोले सूचनामा भएको सर्त अधिनमा रहि नीजलाई ठेक्का दिने निर्णय गरियो ।

निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा तीनपाटन गाउँपालिका-११ मा रहेको जनप्रेमी मा.वि. स्याङ्तीमा कार्यरत प्रा.शि. राहत शिक्षक शिक्षक सेवा आयोगबाट स्थायी भई अन्यत्र विद्यालयमा नियुक्ति भईसकेकोले



Scanned with CamScanner

उक्त प्रा.शि. राहत दरवन्दी रिक्त रहेकोले उक्त दरवन्दीलाई तीनपाटन गाउँपालिका-०७ मा रहेको दिनदयाल प्रा.वि. सल्लेमा शिक्षक अभावको कारणले पठनपाठनमा समस्या देखिएकोले सो दरवन्दी उक्त विद्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा NWASH को Data Update गर्ने, पानी परिक्षण गर्ने, र NWASH सम्वन्धी ऐन, नियम, कानुन वनाउन HANDS Nepal सँग सहकार्य गरी काम अघि वढाउनको लागि आवश्यक रकम गाउँपालिकाले व्यवस्था गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा यस आ.व.को वाटो मर्मत सम्भारको लागि २०८०/०५/२२ गते कार्यपालिका वैठकले लागत स्टिमेट तयार गर्ने निर्णय भएता पनि सो प्रकृया वाट कार्य सञ्चालन गर्दा काममा ढिला सुस्ती हुने देखिएकोले आजको वैठकको छलफलवाट यस आ.व. को मर्मत सम्भार कोषवाट खर्च हुने गरी सम्बन्धित वडा को वडा अध्यक्षको समन्वय, सहकार्य र सिफारस सहित गाउँपालिकाले तेलको व्यवस्था गर्ने गरी मेसिनको भाडा, अपरेटर, हेल्परको भत्ता र खाना, मोविल, ग्रिज, मेसिन साहुले नै व्यहोर्ने गरी प्रति घण्टा वढीमा १५०० (एक हजार पाँच सय) सम्म प्रत्येक वडालाई आवश्यकता अनुसार व्याकहो लोडर मेसिन भाडामा लिई सबै वडाको पुरानो सडकहरु वोलेरो, ट्याक्टर, र मोटरसाइकल जस्ता साधनहरु सहजरुपमा आवत जावत गर्ने गरी यथाशिघ्र वडाको प्राविधिकको निगरानीमा तत्कालै काम सुरु गर्ने र मुल वाटो जिर्गा देखि वेलघारी, चकमके, आम्वोटे, वाहुनतिल्पुङ, तोश्रामखोला, दमारचौकी, डकाहा जाने सडक खण्ड दुधौली नगरपालिका र तीनपाटन गाउँपालिकाको सिमाना सम्मको मुल सडक गाउँपालिकाको व्याकहो लोडर साथै अन्य साधन भाडामा लिई गाउँपालिका अध्यक्ष र उपाध्यक्षको समन्वयमा काम गर्ने निर्णय गरियो ।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



Scanned with CamScanner